# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा

कोशी प्रदेश, नेपाल

आन्तरिक आय संकलनको लागि

**शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८१/०२/१७

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८१/०८२ को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा शिलबन्दी दरभाउपत्र बिद्युतिय माध्यमबाट (इ-विडिङबाट) खरिद तथा दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागि पुन: यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| BTMMUN/REVENUE/ SQ-20/080/81 | वहाल बिटौरी शुल्क (सार्वजनिक जग्गामा लाग्ने दैनिक तथा साप्ताहीक हाटबजार) | ५,१२,०००/- | कबोल अंकको ५% | १०००/- | २०८१/०२/३२ गते दिनको १२ बजे भित्र |

<u>शर्तहरु</u>

१. *इच्छुक शिलबन्दी दरभाउपत्रदाताले फर्म/कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, PAN/ VAT दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गरी तोकिएको समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।*

२. इ-विडिङमा पर्न आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजेपछि शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र फारम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैङ शाखा विर्ताबजार हि.न २४६२०५००२८३५४००२ को आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट पेश गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्रको दस्तुर बापतको रकम फिर्ता हुनेछैन ।

४. शिलबन्दी दरभाउपत्रमा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी बापत यस कार्यालयको एन.आइ. सि. बैक शाखा विर्ताबजारको हि.न २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यताप्रात्र क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको विडवण्ड शिलबन्दी दरभाउपत्रसाथ दाखिला गर्नुपर्नेछ।

५. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा बिर्तमोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

६. शिलबन्दी दरभाउपत्रदाताहरुले नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर बक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बाँकी कर बक्यौता रकम नबुझाएसम्म निजले शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमश भोलिपल्ट हुनेछ ।

८. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालय निहित हुनेछ ।

९. ठेक्का अवधि आ.व ०८१/८२ को श्रावण देखी २०८२ असार मसान्त सम्मको हुनेछ ।

१०. बिर्तामोड नगरपालिका क्षेत्रभित्रबाट ठेक्कामा उल्लेखित कर, दस्तुर तथा शुल्क संकलन गर्दा बिर्तामोड नगरपालिकाले पारित गरेको आर्थिक ऐन बमोजिमको दरमा संकलन गर्नुपर्नेछ। सो दर बाहेक कुनै कर, दस्तुर र सेवाशुल्क लिन पाइने छैन ।

११. माथि उल्लेखित शर्तहरु तथा अन्य शर्तमा उल्लेखित बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२. यस सम्बन्धमा थपकुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र बिर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण bolpatra.gov.np/egp तथा बिर्तामोड नगरपालिकाको वेवसाइट birtamodmun.gov.np बाट लिन सकिनेछ। बोलपत्र / शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ ।

तिलचन भण्डारी
उपसचिव

अन्य शर्तहरु

१. शर्त राखि पेश गरेको रीत नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कुनै प्रकारको कारबाही हुने छैन ।

२. उल्लेखित आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका वखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मूल्य अभिवृद्धि कर (VAT) आफुले कबोल गरेको अंकमा थप गरी वा जम्मा गरेको भौचर सहित एकमुष्ठ रुपमा यस कार्यालमा वुझाउनु पर्नेछ । साथै किस्तामा रकम वुझाउने गरी ठेक्का सम्झौता गर्दा सोही अनुसार किस्तामा भ्याट रकम समावेश गरी वा जम्मा गरेको भौचर सहित वुझाउनु पर्नेछ।

३. एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागी एउटा मात्र फारम खरिद गर्न दिइनेछ । जसको नाममा फारम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र शिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्नेछ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछी सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछीको रितपूर्वकको शिलबन्दी दरभाउपत्रदातालाई ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

५. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत रकम छुट दिइनेछ ।

६. किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा विर्तामोड नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन सो किस्तामा वुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ । किस्ता रकम वुझाउन म्याद नाघेको १५ दिन सम्ममा पनि रकम नवुझाएमा अन्तिम चेतावनी स्वरुप पुन १५ दिनको म्याद दिई जरिवना सहित रकम वुझाउन जानकारी गराइनेछ । सो म्यादमा पनि वुझाउनु पर्ने रकम ठेकेदारले नवुझाएमा कार्यालयले ठेक्का तोडी वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

७. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तबन्दी बुझाउनेको हकमा पहिलो किस्ताको रकमसँग दोस्रो र तेस्रो किस्ताको वुझाउन बाँकी रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त 'क' बर्गको वैकबाट जारी गरिएको २०८२ साल भाद्र मसान्तसम्म अवधि भएको वैक ग्यारेन्टी प्राप्त भएपछी ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ।

८. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. नेपाल सरकार तथा विर्तामोड नगरपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।

१०. शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सोमा कार्यालयको छाप लगाई छापिएको रसिदको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

११. ठेक्का अवधि एक आर्थिक बर्षको हुनेछ । सो अवधि भित्रमात्र आर्थिक ऐनले तोकेको कर, दस्तुर र सेवाशुल्क संकलन/उठाउन पाइनेछ ।

१२. ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको पत्र पेश भएपछी मात्र धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

१३. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिएमा निजको अभिलेख कार्यालमा राखिनेछ ।

१४. शुल्क संकलन गर्दा दोहोरो नहुने गरी एकरुपता कायम गरी संकलन गर्नु पर्नेछ । र शुल्क संकलन गर्ने स्थानमा संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधरणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१५. ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए/परेमा प्रचलित कानुन बमोजिमको आधारमा मात्र निर्णयगर्न सकिनेछ ।

१६. अन्य विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

बिलचन्द्र भण्डारी
उपसचिव